'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ८४ | बुधवार ०५ मंसिर, २०८१ | 20 (Wednesday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०/-

# विकासका लागि लगानी खोज्दै लुम्बिनी प्रदेश सरकार

नमस्ते समचारदाता

देउखुरी, मंसिर/०४




प्रदेशको विकास निर्माण तथा पूर्वाधारका लागि लुम्बिनी प्रदेश सरकारले लगानी खोजी गर्न थालेको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको आर्थिक विकाससँग जोडिएका महत्वपूर्ण आयोजनाहरुमा लगानी भित्र्याउन दातृ निकायहरुसँगको छलफललाई तीव्रता दिएका छन् । मङ्गलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय देउखुरीमा ब्रिटिस एम्बेसीका आर्थिक विभाग प्रमुख साम फेलको नेतृत्वमा रहेको टोलीसँग छलफल गर्दै प्रदेशको आर्थिक विकाससँग जोडिएका महत्वपूर्ण आयोजनाहरुमा लगानी गर्न मुख्यमन्त्री आचार्यले आह्वान गरेका हुन । सरकारले लगानीको वातावरण बनाउने भएकाले ढुक्क भएर प्रदेशका योजनाहरुमा साझेदारी गर्न अनुरोध गरे । प्रदेश राजधानीलाई हरित र नदी सभ्यतामा आधारित नमुना शहर बनाउन लगानी चाहिएको जानकारी गराउँदै सरकारले लगानीको वातावरण बनाउने र त्यसमा ढुक्क भएर काम गर्न आग्रह गरेका छन् । मुख्यमन्त्री आचार्यले भने, 'लगानीको वातावरण बनाउन चाहिने आधारहरु सरकारले बनाउछ । ढुक्कको वातावरण हामी निर्माण गर्छौं । प्रदेशको आर्थिक विकास सँग जोडिएका आयोजनालाई अघि बढाउन हामीसँग प्रशस्त बजेट छैन । दातृ निकाय, निजी क्षेत्रसँग सहकार्य गरेर महत्वपूर्ण आयोजनालाई अघि बढाउन चाहन्छौं ।' प्रदेश सरकारले लुम्बिनी प्रदेशको राजधानी शहर निर्माण, शिवपुर र कालाकाटे सुरुङ्ग मार्ग, बौद्ध सर्किटमा मोनोरेल सञ्चालन, कृषि र पर्यटन क्षेत्रमा सघन परियोजनाहरु अघि बढाउन सक्ने गरी लगानीको क्षेत्रहरुको बारेमा जानकारी गराएको छ । शिवपुर देखि कालाकाटेसम्म सुरुङ्ग मार्गको परियोजना ७ किलोमिटरको हुने प्रारम्भिक सर्वेक्षणबाट देखिएको छ । जसले १८ किलोमिटर बाटो छोटिने भएकाले राजधानीसँग पहुँच सहज हुने देखिएको हो । मुख्यमन्त्री आचार्यले प्रष्ट पार्दै थपे, 'यी आयोजना अघि बढ्यो भने प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्छ । घाटा होइन, नाफामा जाने आयोजना हुन ।' आचार्यले प्रदेश सरकार, दातृ निकाय, निजी क्षेत्रको बिचमा सहकार्यमा अघि बढाउन सकिन्छ भन्ने कुरामा आफू विश्वस्थ रहेको कताउँछन् । प्रदेश सरकारले लुम्बिनीमा लगानी भित्र्याउन लगानी बोर्डसँग पनि निरन्तर छलफल गरिरहेको छ । लुम्बिनीमा लगानी सम्मेलन गर्ने तयारी पनि छ । प्रदेश सरकारले दोस्रो आवधिक योजनालाई पूर्णता दिन थालेको छ । जसमा दिगोविकास लक्ष्यले निर्धारण गरेका लक्ष्य, उद्देश्यसँग जोडेर योजनाको प्राथमिकीकरण गरिएको जानकारी मूख्यमन्त्री आचार्यले गराए । गिरिबीको रेखामुनि रहेका नागरिकहरुको जीवनस्तर उठाउने गरी कृषि र पर्यटन क्षेत्रलाई प्राथमिकमा राखिएको छ । छलफलमा प्रदेशका प्रमुख सचिव महादेव पन्थ, प्रदेश सचिव ईश्वरराज पौडेल, प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष डा. नहकुल केसी, मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डा. रामबहादुर राउत लगायतको सहभागिता रहेको थियो ।

# विद्यालय व्यवस्थापन समितिले नै गऱ्यो अनिश्चितकालिन विद्यालय बन्द

नमस्ते समचारदाता

कोहलपुर, मंसिर/०४



कोहलपुरमा रहेको त्रिभुवन माविको पठनपाठन अनिश्चितकालिन बन्द गरिएको छ । विद्यालय व्यवस्थापन समितिले नै बैठक गरेर विद्यालयको पठनपाठनलाई अनिश्चितकालिन रुपमा बन्द गरेको सुचना सार्वजनिक गरेको छ । सोमबार एक सूचना प्रकाशित गर्दै अर्को सुचना नआएसम्मको लागि विद्यालयको पठनपाठन स्थगित गरिएको विद्यालयले जनाएको छ । सूचनामा भनिएको छः 'त्रिभुवन माध्यमिक विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार विद्यालयमा उत्पन्न विषम परिस्थितिका कारणले अर्को सूचना नआएसम्मको लागि विद्यालयको पठनपाठन स्थगित गरिएको व्यहोरा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावकज्यूहरु एवं सरोकार वाला सम्पूर्णमा जानकारी गराईन्छ ।' म्यासेन्जरमार्फत त्रिभुवन माविमा अध्ययरत छात्रालाई एक शिक्षकले दुर्व्यवहार गरेको भन्दै बागेश्वरी बहुमुखी क्याम्पस स्ववियु सभापति देवेन्द्र बुढाको नेतृत्वमा विभिन्न खालका आन्दोलनहरु गरिदै आएका भए पनि शिक्षकले दुर्व्यवहार गरेको विषयमा कुनै सुनुवाई नभएको भन्दै बागेश्वरी क्याम्पसका स्ववियु सभापति देवेन्द्र बुढाको नेतृत्वमा सोमबार त्रिभुवन माविका केही विद्यार्थीहरू शिक्षकलाई कारबाहीको माग गर्दै आन्दोलनमा उत्रिएका थिए । उक्त आन्दोलनमा उत्रिएका विद्यार्थीहरुले विद्यालयका भवनमा रहेका केही फर्निचरहरु, कोहलपुर बजारमा रोपिएका बिरुवा र कोहलपुर नगरपालिकामा समेत क्षति पुऱ्याएका थिए । आन्दोलनको नेतृत्व गरेको र विद्यालयका साना साना विद्यार्थीहरुलाई तोडफोड गर्न उक्साएको भन्दै बागेश्वरी क्याम्पसका स्ववियू सभापति देवेन्द्र बूढासहित ५ जनालाई प्रहरीले पक्राउ गरी सोमबार बेलुका नै सामान्य कागज गराई रिहा गरेको थियो । आफ्नो नाम नछाप्ने शर्तमा कक्षा ९मा अध्ययनरत एक विद्यार्थीका अभिभावकले भने, 'आफ्नै विद्यालयका विद्यार्थीहरुले गरेको आन्दोलन सोमबार नै शान्त भैसकेको भए पनि विद्यालय व्यवस्थापन समितिले अनिश्चितकालिन रुपमा विद्यालय बन्द गर्ने निर्णय गर्नु गैरजिम्मेवार र अपरिपक्कताको पराकाष्ट नै हो । विद्यालय सुचारु गरेर बाहिरका विद्यार्थीहरुको उक्साहटमा लागेर आन्दोलन नगर्न भनी आफ्ना विद्यार्थीहरुलाई सम्झाउनु पर्नेमा उल्लै विद्यालय बन्द गराएर पठनपाठन रोक्नु विद्यार्थीहरुको भविश्य माथिको खेलवाड हो ।' उनी थप्छन्, 'नौ"दश तथा एघार-बाह्र कक्षामा पढ्ने विद्यार्थी भनेका केटाकेटीपन कै हुन्छन् । उनीहरु अरु कसैको उक्साहटमा लाग्न पनि सक्छन् । उनीहरुलाई सम्झाई बुझाई गर्ने दायित्व त शिक्षकै हो नि ।' सोमबार भएको आन्दोलनको विषयलाई लिएर विद्यालय व्यवस्थापन समितिले नै अनिश्चितकालिन रुपमा विद्यालय बन्द गरेको विषयको सर्वत्र विरोध भैरहेको छ।

# तटबन्धनको व्यवस्था गर्न स्थानीयको माग

नमस्ते समचारदाता

बाँके, मंसिर/०४



बाँकेको राप्ती-सोनारी र नरैनापुर तथा डुडुवा गाउँपालिकामा राप्तीनदीले वर्षेनी कटान गर्दै आइरहेको भएता पनि आवश्यकताको आधारमा तटबन्धन हुन सकेको छैन । त्यहाँका स्थानीयहरु वर्षेनी तटबन्धनको माग गर्दछन् । त्यस क्षेत्रमा आउन सांसद मन्त्रीहरु सँग पहिलो माग नै तटबन्धन हुने गर्दछ स्थानीयहरुको । स्थानीहरुको प्रतिक्रिया छ, 'सबैले गर्छौं भन्छन् तर कसैले गर्दैनन्' । राप्तीसोनारी गाउँपालिकाको वडा नम्बर ७ खल्ला झगडिया र नरैनापुर ७ गङ्गापुरमा तटबन्धन अति आवश्यक भैसकेको स्थानीयले बताएका छन् । कटान क्षेत्रको स्थलगत जानकारी लिन खल्ला झगडिया पुगेका बाँके क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य सूर्य ढकाललाई स्थानीय बासिन्दा सोहनलाल यादवले तत्काल कटान नियन्त्रणको काम अघि नबढाउने हो भने आगामी वर्षायाममा राप्तीसोनारी र नरैनापुर गाउँपालिकाका हजारौं परिवार विस्थापित हुने अवस्था रहेको बताएका हुन । 'यस वर्षको बाढीले नदी किनारको सडक कटान गर्दा आवागमनमा कठिनाइ भएको छ । अब अर्को वर्ष पनि यस्तै गऱ्यो भने ठुलो क्षति हुने निश्चित छ' यादवले सुनाए । प्रतिनिधिसभा सदस्य ढकालको नेतृत्वमा स्थानीय बासिन्दाले राप्तीनदीको कचनापुर देखि नरैनापुरसम्म जोखिममा रहेका करिब एकदर्जन स्थानमा तटबन्धनको माग गर्दै आएको भए पनि सरकारको पर्याप्त बजेट विनियोजन गरेको छैन । सांसद ढकालले बाँकेको दुर्गम क्षेत्रको रुपमा रहेको राप्तीसोनारी र नरैनापुरमा राप्तीनदीको कटान निरन्तर बढिरहेकाले सरकारले नियन्त्रणका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने माग गरेका जानकारी गराए । कटान नियन्त्रणका लागि बजेट विनियोजनका लागि प्रधानमन्त्री केपी शर्मा ओलीसहित विभिन्न मन्त्रालय र लुम्बिनी प्रदेश सरकारको ध्यानाकर्षण गराएको भन्दै ढकालले तत्काल बजेट विनियोजन हुने विश्वास व्यक्त गर्दै स्थानीयलाई आश्वस्त पारे । राप्तीनदीमा आउने बाढीले गर्दा वर्षातको समयमा राप्तीसोनारी र नरैनापुरका धेरै गाउँ डुबान र कटानमा पर्दै आएका छन् । पटक पटक प्रयास गरिए पनि बलियो तटबन्ध नबन्दा सो क्षेत्रका सयौं बासिन्दाले डुबान र कटान झेल्दै आएका छन् । यसअघि निर्माण गरिएको माटोको तटबन्धन निरन्तर कटानमा परेपछि दुबै पालिकाका गाउँहरु उच्च जोखिममा परेका हुन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## पदीय नैतिकता र जिम्मेवारी

शिक्षा असल नागरिक बनाउने र सत्मार्ग देखाउने चेतनाको श्रोत हो । श्रोतको मुहान कस्तो छ र त्यो मुहानबाट कस्तो चेतना सृजित हुन्छ भन्ने विषय प्रमुख हो । मुहानबाट नै धमिलो पानी बग्छ र त्यो धमिलो पानी खाने पिउने जो सुकै भए पनि निरोगी हुन सक्दैनन् । एउटा शिक्षकले कस्तो ज्ञान आफ्ना विद्यार्थीहरुलाई दिन्छ भन्ने कुराले मात्र शिक्षकको ज्ञान र चेतनाको प्रतिनिधित्व हुँदैन । अरुको लागि ज्ञान र चेतनाको दीयो बन्ने व्यक्तिको व्यवहारले उनको ज्ञान र चेतनाको शुद्धताको मापन गर्दछ । अरुलाई ज्ञान र चेतनाको श्रोत बन्ने व्यक्तिको नैतिकता र व्यवहारमा शुद्धता छैन भने उसले दिने ज्ञानले मानिसलाई न नैतिकवान बनाउछ न त उसले दिएको ज्ञानको कसैले पालना नै गर्दछ । त्यसैले अरुलाई ज्ञान र चेतना दिने व्यक्ति पहिला आफै सचेत, नैतिकवान र व्यवहारीक शूद्धताको बाटोमा लाग्न आवश्यक छ । कोहलपुरको त्रिमाविमा अध्यापन गराउन एक जना शिक्षकले आफ्नो नैतिकता र पदीय जिम्मेवारीबाट च्यूत भएर गरेको व्यवहारले अहिले उनी स्वयम त तनाबमा छन् नै । त्यस भन्दा बढी तनाब विद्यार्थीहरु र विद्यालयलाई समेत परेको छ । उनले नैतिकता गुमाउदा र व्यवहारमा उच्छृङखलता देखाउँदा उनी, उनको विद्यालय र विद्यार्थीहरुले मात्र होइन, कोहलपुरको समाज र प्रहरी प्रशासनले समेत अनावश्यक दुःख पाउनु परेको छ । हाम्रो समाजका संरचनाहरु र संगठनहरु पनि विवादलाई हल गर्ने भन्दा समस्यालाई तन्काउने र आ–आफ्नो स्वाार्थ्यको रोटी सेक्नमै रमाउने प्रवृत्तिको देखिने गरेका छन् । त्यसैले समाजलाई राम्रो र असल बनाउन आ–आफ्नो पदीय नैतिकता र पदीय जिम्मेवारीमा रहेर व्यवहार गरिनु आवश्यक छ । त्यसमा पनि एउटा विद्यालयमा सयौं विद्यार्थीलाई ज्ञानको दीयो बालेर उनीहरुलाई जीवनको ज्योती देखाउने शिक्षक अझै बढी नैतिकवान हुनु आवश्यक छ ।


जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट


# बालबालिकाको सुरक्षा चुनौती

**हरि पौडेल**


हरि पौडेल

अतः बाल यौन दुर्व्यवहारको रोकथामका लागि शिक्षा, चेतना, कानुनी उपाय र सुरक्षा उपायमा सरोकारवाला सबै निकाय मिलेर सहकार्य गर्नु पर्छ । बाल यौन दुर्व्यवहार रोकथाम गर्न बालबालिका, अभिभावक, सामाजिक कार्यकर्ता तथा सामाजिक अभियन्तालाई बाल यौन दुर्व्यवहारका शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गरिनु पर्छ ।

स्वस्थ जीवनयापन गर्न पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिका स्वयम्ले आफ्नो अधिकार आफैँ लिन नसक्ने हुँदा उनीहरूको अधिकार सुनिश्चित गर्न सक्दैनन । अतः संयुक्त राष्ट्रसङ्घीय महासन्धि, बाल अधिकार महासन्धि १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । नेपालको सन्दर्भमा बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिकाका रूपमा परिभाषित गरेको छ । यस्तै मुलुकी ऐन, बालबालिकासम्बन्धी ऐन तथा श्रम ऐनले १६ वर्षभन्दा कम उमेरका मानवलाई नाबालक भनि व्याख्या गरेको छ । उनीहरूको गर्भदेखि नै बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार तथा सहभागिताको अधिकार सुरक्षित गर्नु सरकारको दायित्व हो । यिनै अबोध बालबालिकालाई मानव समाजबाट जानेर वा नजानेर दुर्व्यवहार हुने गर्छ । हाम्रो घरपरिवार तथा समाजमा बाल यौन दुर्व्यवहारको अवस्था दिनप्रतिदिन भयावह हुँदै गइरहेको छ । बालबालिकाको शारीरिक, मानसिक तथा भावनात्मक विकासमा आघात पुऱ्याउने कुनै पनि क्रियाकलाप गर्नुहुँदैन । गरिएमा उनीहरूको कोमल मन मस्तिष्कमा दीर्घकालीन नकारात्मक असर पुग्न जान्छ । बालबालिका आफूमा भएका आघात तथा पीडा सहज रूपमा अभिव्यक्त गर्न सक्दैनन् । यसर्थ बाल यौन दुर्व्यवहार अन्तर्गत १६ वर्षमुनिका बालबालिकाउपर जबरजस्ती, बलपूर्वक, छलकपट वा भावनात्मक दबाबका आधारमा गरिने कुनै पनि प्रकारको गतिविधि यौनजन्य गतिविधि अन्तर्गत पर्छन् । बालबालिकालाई यौन गतिविधिमा संलग्न गराउनु, तिनको शारीरिक वा मानसिक स्वास्थ्यमा क्षति पुऱ्याउनु र तिनको व्यक्तिगत स्वाधीनता उल्लङ्घन गर्नु जस्ता क्रियाकलाप हुने गर्छन् । बाल यौन दुर्व्यवहारमा बालबलिकालाई यौन उत्पीडन, यौन शोषण, अश्लील गतिविधिमा संलग्न वा कुनै पनि प्रकारको अस्वीकृत यौन क्रियाकलाप गर्न बाध्य गराइन्छ । यस्ता गतिविधिमा संलग्न गराउनु गैरकानुनी र मानव अधिकारको उल्लङ्घन हो । बाल दुर्व्यवहार घर, विद्यालय, हाटबजार, सिनेमा हल, बाटाघाटा, यातायातका साधनमा जताततै भएको पाइन्छ । यस्ता दुर्व्यवहार केटा तथा केटी दुवैमा भएको पाइन्छ । केही व्यक्ति नजानेर दुर्व्यवहार गर्ने गर्छन् भने कोही आशयले नै गर्ने गर्छन् । त्यसको घातक असर दुवै प्रकृतिका व्यक्तिले आकलन गरेका हुँदैनन् । बालबालिकामा मुख्यतः भावनात्मक, शारीरिक, मौखिक तथा बेवास्ता तथा उपेक्षा जस्ता दुर्व्यवहार हुने गर्छन् । भावनात्मक दुर्व्यवहार, शारीरिक दुर्व्यवहार, यौन दुर्व्यवहार, मौखिक दुर्व्यवहार, बेवास्ता वा उपेक्षा जस्ता बाल दुर्व्यवहार घर, विद्यालय, हाटबजार, मनोरञ्जन स्थल, एकान्त बाटाघाटा, यातायातका सवारीसाधनमा गुप्त रूपमा हुने गर्छन् । यस्ता दुर्व्यवहार प्रति परिवारका सदस्यसमेत सचेत रहनु पर्छ । बालबालिकासँग खुलेर संवाद गर्नु पर्छ । कुनै शङ्का लागेमा तुरुन्तै आवश्यक कदम चाल्नुपर्ने हुन्छ । बाल दुर्व्यवहार अन्तर्गत प्रायः बाल यौन दुर्व्यवहार बढी मात्रामा हुने गर्छन् । विश्वमा बाल यौन दुर्व्यवहारको अवस्था गम्भीर र चिन्ताजनक छ । संयुक्त राष्ट्रसङ्घ, विश्व स्वास्थ्य सङ्गठन र युनिसेफ जस्ता अन्तर्राष्ट्रिय संस्थाले बाल यौन दुर्व्यवहारलाई गम्भीर मानव अधिकार उल्लङ्घनका रूपमा लिएका छन् । हाल बाल यौन दुर्व्यवहारको अवस्था विश्वव्यापी समस्याका रूपमा देखा परेको छ । युनिसेफको एक अध्ययन अनुसार विश्वभर १५ देखि ३० प्रतिशत बालबालिकाले कुनै न कुनै प्रकारको यौन दुर्व्यवहारको सामना गरिरहेका छन् । विकासोन्मुख देशमा यो अवस्था झनै चिन्ताजनक छ । त्यस्ता देशमा बालबालिकासम्बन्धी कानुनी संरचना कमजोर छ । सामाजिक सचेतना कमजोर छ । बाल दुर्व्यवहारसम्बन्धी ज्ञान छैन । रूढीवादी परम्पराले कानुनलाई थिचेको छ । डिजिटल युगको विकाससँगै बालबालिकामाथि हुने अनलाइन यौन शोषणको खतरा बढिरहेको छ । बालबालिकाको फोटो वा भिडियो प्रयोग गरी अश्लील सामग्री उत्पादन र वितरण गर्ने जस्ता आपराधिक क्रियाकलापमा वृद्धि भएको छ । लैङ्गिक असमानता र सामाजिक संरचनाले पनि बाल यौन दुर्व्यवहारलाई बढावा दिएको छ । विशेष गरी बालिका र पिछडिएको समुदायका बालबालिका र अशक्त बालबालिका बढी जोखिममा भएको पाइन्छ । युनिसेफका अनुसार विश्वभर करिब ६५० मिलियन बालिकाको १८ वर्षभन्दा कम उमेरमै विवाह हुने गर्छ । यसले उनीहरूलाई यौन शोषणको जोखिममा सहयोग पुऱ्याइरहेको छ । युद्धग्रस्त क्षेत्र, शरणार्थी शिविर एवं प्राकृतिक प्रकोपका क्षेत्रमा बालबालिका असुरक्षित हुन्छन् । उनीहरू विशेष गरी यौन हिंसा र दुर्व्यवहारको सिकार हुने गर्छन् । मानव तस्करीमा पर्ने बालबालिकाको ठुलो हिस्सा यौन शोषणका लागि बेचिने गरेका छन् । नेपालमा पनि बाल यौन दुर्व्यवहारको घटना दिनप्रतिदिन बढ्दै गएको अवस्था छ । यद्यपि बाल यौन दुर्व्यवहारको यथार्थ तथ्याङ्क प्राप्त गर्न सकिँदैन । अधिकांश घटना सामाजिक कलङ्क, डर, कानुनी अज्ञानताका कारणले लुकाइन्छन् । नेपाल प्रहरीको सन् २०२१-२२ को प्रतिवेदनले बालक तथा बालिका दुवै यौन शोषणको सिकार भएका छन् । बालकभन्दा बालिका बढी जोखिममा छन् । बालबालिकासँग सम्बन्धित यौन हिंसाका २६० वटा घटना प्रहरीमा दर्ता भएकामा अधिकांश घटनामा बालिका पीडित रहेको पाइन्छ । महामारी तथा प्राकृतिक विपत्तिका बेला समेत बाल यौन दुर्व्यवहारका घटना बढी हुने गरेको पाइन्छ । कोभिडको समयमा लामो समयसम्म लकडाउनका कारण बालबालिका घरभित्र सीमित भएको अवस्थामा यौन दुर्व्यवहारका घटना वृद्धि भई ४० प्रतिशत बालबालिका यौन हिंसाको जोखिममा परेको प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । बाल यौन दुर्व्यवहारका कारण बालबालिकामा शारीरिक, मानसिक तथा मनोसामाजिक असर देखा पर्छन् । शरीरमा घाउचोट लाग्नु, गुप्ताङ्गमा चोट लाग्नु, रगत बग्नु, यौनाङ्गसम्बन्धी रोग लाग्नु, शरीर मोटाउनु वा दुब्लाउनु एवं गर्भ रहनु शारीरिक असर हुन् । मानसिक असरमा बालबालिका चिन्तित हुनु, हिनताबोध महसुस गर्नु, एकान्तमा बस्न रुचाउनु, खानामा रुचि नहुनु, चिडचिडाहट हुनु, स्थिर भएर बस्न नसक्नु, क्रोध देखाउनु, डराउनु, निद्रा कम लाग्नु, आपराधिक क्रियाकलापमा संलग्न हुनु, बोल्न हिचकिच्याउनु जस्ता पर्छन् । सामाजिक प्रतिष्ठा गुमेको आभाष हुनु, समाजका अन्य आपराधिक क्रियाकलापमा लत लाग्नु, पारिवारिक तथा मनोसामाजिक असर हुन् । बाल यौन दुर्व्यवहार विरुद्ध अन्तर्राष्ट्रिय स्तरमा लैङ्गिक हिंसाविरुद्धका कार्यक्रम, बालबालिका सुरक्षासम्बन्धी कानुनी संरचना र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि लागु गरेर यस्ता गतिविधि नियन्त्रण गर्ने प्रयास भइरहेका छन् । विभिन्न देशले बाल यौन दुर्व्यवहारविरुद्ध आआफ्नै अनुकूलका कानुन बनाएका छन् । केही देशमा कानुनी संरचना कमजोर छ । केही देशमा यस्ता कानुन कार्यान्वयनमा कमजोरी देखिन्छ । केही दुर्व्यवहारका घटना सामाजिक तथा सांस्कृतिक मान्यताले गर्दा घटना बाहिर नै आउँदैनन् । नेपालमा बाल यौन दुर्व्यवहारविरुद्धका कानुन छन् । जस्तै मुलुकी अपराधसंहिता, २०७४ मा बालबालिकामाथि यौन शोषण गर्ने अपराधीलाई कडा सजायको व्यवस्था गरिएको छ । यद्यपि कानुनी कार्यान्वयन पक्षमा कमजोरी देखिन्छ । बालबालिकाको शारीरिक, मानसिक र भावनात्मक सुरक्षाको जिम्मेवारी घरपरिवार, विद्यालय, शिक्षक, समाज र राज्यको सामूहिक कर्तव्य हो । अतः बाल यौन दुर्व्यवहारको रोकथामका लागि शिक्षा, चेतना, कानुनी उपाय र सुरक्षा उपायमा सरोकारवाला सबै निकाय मिलेर सहकार्य गर्नु पर्छ । बाल यौन दुर्व्यवहार रोकथाम गर्न बालबालिका, अभिभावक, सामाजिक कार्यकर्ता तथा सामाजिक अभियन्तालाई बाल यौन दुर्व्यवहारका शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गरिनु पर्छ । विश्व स्तरमा नै रहेको बाल यौन दुर्व्यवहारका विविध जटिलतालाई न्यूनीकरण र नियन्त्रण गर्न कानुनी, सामाजिक र संस्थागत प्रयास भइरहे पनि बाल यौन दुर्व्यवहारको समस्या चुनौतीकै रूपमा छ । *-गोरखापत्र*


जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट




नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७९ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

# बढी यात्रु र तीव्र गतिले दुर्घटना वृद्धि

नमस्ते समाचारदाता
सुर्खेत, मंसिर/०४



पछिल्लो समय क्षमताभन्दा बढी यात्रु राख्ने, साँघुरा सडक र तीव्र गतिका कारण कर्णाली प्रदेशमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या बढेको छ । गत कात्तिक २३ गते दैलेख सदरमुकामबाट सुर्खेतका लागि छुटेको कर्णाली प्रदेश ०२००१ ख ०९९८ नम्बरको फोर्स गाडी दैलेख-सुर्खेत सिमानामा दुर्घटनामा पऱ्यो । उक्त दुर्घटनामा चार जनाले घटनास्थलमै ज्यान गुमाए । ज्यान गुमाउनेमा दैलेखको भैरवी गाउँपालिका-५ का गाडीचालक ३८ वर्षीय सुरेश केसी, भैरवी गाउँपालिका-२ का ३६ वर्षीय कर्णबहादुर विष्ट, भैरवी गाउँपालिका-२ का १६ वर्षीय दीपिका महतारा र २१ वर्षीय सङ्गीता विष्ट हुनुहुन्थ्यो । सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१४ को रातानाङ्लानजिकै दुर्घटना भएको गाडीमा ३४ यात्रु सवार थिए । यसरी यो दुर्घटना हुनुको पछाडि तीव्र गति र यात्रु भार धेरै भएको प्रहरीको निष्कर्ष छ । दैलेख-सुर्खेत सडक खण्डमा चारभन्दा बढी ठाउँमा ट्राफिक पोस्ट र प्रहरी पोस्ट राखिएका छन् । गाडी सुर्खेत-दैलेख सिमानानजिक दैलेखको गुराँस गाउँपालिकाको गुराँसे बजारमा रहेको चेकपोस्टमा सहचालकले १० जना यात्रुको विवरण गोप्य राखेर २३ जना मात्रै गाडीमा रहेको विवरण टिपाएका थिए । प्रहरी चौकीमा इन्ट्री गरेर गन्तव्यमा लागेको झन्डै २० मिनेटमा गाडी सडकबाट तीन सय मिटर तल खोँचमा खसेर दुर्घटनाग्रस्त बन्यो । उक्त फोर्स गाडीको भारवहन क्षमता १५ देखि १८ जना मात्रै हो । प्रहरी पोस्ट आउनै लाग्दा यात्रुलाई पैदल हिँड्न लगाएर इन्ट्री गर्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रुपेश खड्काले बताउनुभयो । उहाँले गाडीधनीले प्रहरीको आँखा छल्दा, सवारीसाधनमा यान्त्रिक गडबडी, ओभरलोड र तीव्र गतिका कारण अप्रिय घटना भइरहेको जानकारी दिनुभयो । कालीकोटको पलाता गाउँपालिका-५, खिनदेखि थिर्पुतर्फ जाँदै गरेको कर्णाली प्रदेश ००१ ज ५६ नम्बरको जिप वडा नं. ३ को राडु भन्ने स्थानमा अनियन्त्रित भई दुर्घटनामा पऱ्यो । उक्त दुर्घटनाबाट सात जनाले ज्यान गुमाए भने १३ जना घाइते भए । छ जनाको घटनास्थलमै मृत्यु भएको थियो । गाडी चालकको उपचारका क्रममा कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा निधन भयो । दुर्घटनास्थल कर्णाली कोरिडोर जोड्ने भित्री सहायक मार्ग हो । भौगोलिक दृष्टिले दुर्गम रहेको दुर्घटना स्थलमा नेपाली सेनाको हेलिकोप्टर उद्धारका लागि समयमै नपुगेको भए अझै धेरैको ज्यान जाने सम्भावना थियो । यस सडकमा निजी बोलेरो सञ्चालन हुँदै आएका छन् । बोलेरोको यात्रु क्षमता भनेको पाँच जना हो तर दुर्घटनामा परेको जिपले १९ जना यात्रु बोकेको थियो । जिप दुर्घटना हुनुका कारण साँघुरो सडकमा तीव्र गति र ओभरलोड रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । जिल्ला प्रहरी कार्यालय, कालीकोटका प्रमुख डिएसपी टेकबहादुर रावतका अनुसार, दुई वर्षअघि मात्रै खनिएको सडक कच्ची थियो । पाँच सिट क्षमताको बोलेरोमा १९ जना यात्रु चढ्दा दुर्घटना भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "घटना स्थल हेर्दा कच्ची र साँघुरो सडक तथा सिट क्षमताभन्दा धेरै यात्रु संख्या देखिन्छ । दुर्घटनाको थप कारण पनि बुझ्दै छौँ ।" कालीकोटको भौगोलिक अवस्था अनुसार भित्री सडकमा ट्राफिक व्यवस्थापन गर्न निकै चुनौती रहेको प्रहरी प्रमुख रावत बताउनुहुन्छ । अघिल्लो साताको शुक्रबार दैलेख-सुर्खेत सिमानामा फोर्स गाडी दुर्घटना, गत आइतबार कालीकोटमा जिप दुर्घटनालगत्तै सोमबार जाजरकोटको छुट्टाछुट्टै दुई ठाउँमा फोर्स गाडी र जिप दुर्घटनामा परे । जाजरकोटमा भएका छुट्टाछुट्टै दुर्घटनामा परी ३७ जना यात्रु घाइते भए । जाजरकोट सदरमुकामबाट नेपालगन्जका लागि छुटेको बा५ख १८९२ नम्बरको फोर्स गाडी दुर्घटना हुँदा ३२ जना घाइते भएका थिए । यस्तै सोमबारै जाजरकोटको बारेकोट गाउँपालिकाबाट सदरमुकामका लागि छुटेको १ ज ५९५ नम्बरको बोलेरो जिप दुर्घटना हुँदा सात जना घाइते भए । प्रहरीका अनुसार दुर्घटनामा केही घाइतेलाई नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरेर थप उपचारका लागि प्रदेश अस्पताल सुर्खेत ल्याइएको थियो । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतको तथ्याङ्क अनुसार प्रदेशमा हरेक वर्ष सडक दुर्घटनामा ज्यान गुमाउने संख्यामा वृद्धि भइरहेको छ । सवारी दुर्घटना न्यूनीकरणमा सरोकारवाला निकायले ध्यान दिएका छैनन् । कर्णाली प्रदेशभर दसैँतिहार अर्थात् असोज-कात्तिकमा १६२ वटा सडक दुर्घटना भएका प्रहरीले जनाएको छ । पछिल्लो एक हप्तामा लगातार कर्णालीमा सडक दुर्घटना भएपछि प्रहरीले सवारी चेकजाँचमा सक्रिय भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले कर्णालीका सबै जिल्लामा भित्रिने र बाहिरिने नाकामा सवारी जाँचमा कडाइ गरिरेको दाबी गरेको छ । सुर्खेत काँक्रेविहार यातायात प्रालिका अध्यक्ष रमेशकुमार सापकोटाले सडक दुर्घटना हुनुमा यातायात व्यवसायीको मात्रै दोष नभई यससँग सम्बन्धित सबै निकायको कमजोरी रहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "कसैले पनि यसमा म चोखो हुँ भन्ने ठाउँ छैन । यातायात व्यवसायीको त्यत्तिकै कमजोरी छ । यात्रुको, सवारी चालकको, प्रहरी प्रशासन र नीतिगत भ्रष्टाचार गरेर बनेका बाटोलाई स्वीकृत गर्ने नेपाल सरकारका प्रशासनिक निकाय सबैभन्दा बढी दोषी छन् ।"

# स्वास्थ्य क्षेत्रमा फड्को मार्दै सिञ्जा

नमस्ते समाचारदाता
जुम्ला, मंसिर/०४



जुम्ला जिल्लाको सिञ्जा गाउँपालिकाले स्थानीयलाई सहज स्वास्थ्य सेवा दिने उद्देश्यले विभिन्न रोगसम्बन्धिका निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ । विशेषज्ञ चिकित्सकबाट पालिकास्थित स्वास्थ्य चौकीमा शिविर सञ्चालन गरी यहाँका नागरिकलाई घरदैलोमा निःशुल्क उपचार सेवा दिन थालिएको हो । गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा स्वास्थ्य शाखालाई रु ९५ लाख बजेट विनियोजन गरी सेवा सञ्चालन गर्न थालिएको जानकारी दिनुभयो । स्थानीय सरकारको स्रोतसाधनबाट स्थानीयलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन थालिएको उहाँले बताउनुभयो । "जबसम्म नागरिकको स्वास्थ्य सबल हुँदैन तबसम्म अन्य परिवर्तनको पनि अर्थ रहँदैन भनेर जनप्रतिनिधिले स्वास्थ्य क्षेत्रमा लगानी बढाउने निर्णय गरी शिविरमार्फत सेवा दिन थालेका हौँ । स्वास्थ्य क्षेत्रमा दीर्घकालीन प्रतिफलसहितका योजना बनाएर अघि बढेका छौँ", अध्यक्ष धितालले भन्नुभयो । गाउँपालिको आयोजनामा प्लान नेपालको साझेदारी र कर्णाली स्वास्थ विज्ञान प्रतिष्ठानको प्रविधिक सहयोगमा गत कात्तिक ३० गते शनिगाउँ स्वास्थ्य चौकी र यही मङ्सिर १ गते नराकोट स्वास्थ्य चौकीमा विशेषज्ञसहित स्वास्थ्य जाँच तथा अपाङ्गता पहिचान गरिएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख ललित रोकायाले बताउनुभयो । उहाँका अनुसार स्वास्थ्य शिविरबाट सात सय २२ जनाले सेवा लिएका छन् । उक्त शिविरमा हाडजोर्नीसम्बन्धी दुई सय दुई, स्त्री रोगसम्बन्धी ९५, जनरल जाँच एक सय ५०, मनोसामाजिक परामर्श एक सय ३०, अपाङ्गता परीक्षण एक सय १० र मुखको परीक्षण ३५ जनाको भएको रोकायाले जानकारी दिनुभयो । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका हाडजोर्नी विशेषज्ञ डा पुजन रोकायाबाट बिरामीको स्वास्थ्य जाँच भएको थियो । गत कात्तिक २८ गते नराकोट स्वास्थ्य चौकीमा सञ्चालित निःशुल्क कानको परीक्षणमा दुई सय ५९ जनाले सेवा लिएका गाउँपालिका स्वास्थ्य शाखा प्रमुख रोकायाले जानकारी दिनुभयो । उक्त शिविर गाउँपालिकाको आयोजना र नेपालगञ्जस्थित विएन अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न भएको थियो । सिञ्जाका ३२ वटा गाउँमा पुगेर मासिक रुपमा यहाँका ज्येष्ठ नागरिकको स्वास्थ जाँच गर्ने गरिएको स्वास्थ्य शाखाका प्रमुख रोकायाले बताउनुभयो । गाउँमै दक्ष चिकित्सकबाट निःशुल्क उपचार पाउँदा सेवा लिन टाढा जानुपर्ने बाध्यता अन्त्य भएको सिञ्जा-३ की नुन्नु उपाध्यायले बताउनुभयो । अहिले पालिकामा छ वडामध्ये तीनमा स्वास्थ्य चौकी र तीनमा आधारभूत स्वास्थ्य चौकीबाट सेवा प्रवाह भइरहेको गाउँपालिकाका अध्यक्ष धितालले जानकारी दिनुभयो । उहाँका अनुसार गर्भवतीका लागि नराकोट, धापा र शनिगाउँ स्वास्थ्य चौकीमा भिडियो एक्सरे सेवा उपलब्ध गराइएको छ । आपत्कालीन अवस्थाका बिरामी, ज्येष्ठ नागरिक, अपङ्गता र सुत्केरीलाई निःशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराइएको गाउँपालिकाका उपाध्यक्ष सीतली रोकायाले बताउनुभयो । गत आवमा चारवटा स्वास्थ्य शिविर सञ्चालन गरी एक हजार पाँच सयबढीले सेवा लिएका गाउँपालिकाले स्वास्थ्य शाखाले जनाएको छ । आगामी वैशाखमा सिञ्जा कर्णाली प्रदेशकै उत्कृष्ट पोषणमैत्री स्थानीय तह घोषणा हुन लागेको बताउँदै विभिन्न १६ सूचकमध्ये १४ वटा पूरा गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर शाहीले जानकारी दिनुभयो । स्वास्थ्य क्षेत्रको पहुँच कम भएका ठाउँमा स्वास्थ्य शिविरमार्फत सेवा प्रवाह भइरहेको उहाँले बताउनुभयो । नवजात शिशुलाई खोप र ज्येष्ठ नागरिकलाई निःशुल्क औषधिसहित स्वास्थ्य जाँच कार्यक्रमले दीर्घरोगीले सहज उपचार पाएका स्थानीय बताउँछन् । गत आवमा स्वास्थ्यतर्फ सिञ्जा गाउँपालिका जिल्लाका आठ स्थानीय तहमध्ये पहिलो भएको थियो । स्वास्थ्य सेवातर्फ विभिन्न सूचक पूरा गरी ८७ प्रतिशत अङ्क प्राप्त गर्दै सिञ्जा जिल्लाकै पहिलो भएको जनस्वास्थ्य कार्यालय जुम्लाले जनाएको छ ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म बिक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबे तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक

भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यूरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
www.namastekarnali.com
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# राप्तीसोनारीले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्यो

नमस्ते समचारदाता
राप्तीसोनारी, मंसिर/०४




बाँकेको राप्तीसोनारी गाउँपालिकाले आफ्नो पालिकामा कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेको बताएको छ। पालिकाले किसान लक्षित कार्यक्रमलाई प्राथमिकता दिएर काम सुरु गरेको छ। किसानहरुलाई कृषि पेशामा व्यावसायिक तरिकाले उत्पादन गराउँदै उनीहरुलाई आत्मनिर्भर बनाउने गरी विउविजनमा अनुदान, विउविजनमा सहयोग, सिंचाइँ सुविधा तथा प्राविधिक सहयोग लगायतका कार्यक्रमलाई प्राथमिकता दिइएको गाउँपालिकाका अध्यक्ष तप्त बहादुर पौडेलले जानकारी दिए। आर्थिक वर्ष २०८१/०८२ मा कृषितर्फ १ करोड २ लाख ७५ हजार रुपैयाँ बजेट विनियोजन गरेको गाउँपालिकाले जैविक विषादी खरिद र तालिम, गहुँको वीउ वितरण लगायतका कार्यक्रमहरु सम्पन्न भइसकेको अध्यक्ष पौडेलले बताए। यसका लागि ६ लाख रुपैयाँ बजेट विनियोजन गरेको उनले बताए। वडा नं.१ देखि ९ सम्मका सबै वडामा २ सय २५ जना किसानलाई तालिम प्रदान गरिएको राप्तीसोनारी कृषि शाखाका नायव प्राविधिक सहायक खड्क खत्रीले जानकारी दिए। विषादी खरिदको काम भने बाँकी रहेको उनले बताए। त्यसैगरी ९ वटै वडामा ५ सय ५४ क्विन्टल गहुँको वीउ वितरणको कार्य पनि सम्पन्न भइसकेको उनले जानकारी गराएका छन्। वडा नं.१, २ र ३ मा पालिकाको बजेट र अन्य वडाहरुमा भने वडाहरुकै वजेटबाट गहुँको विउ वितरण गरिएको उनले बताए। त्यसैगरी कृषि बालि बीमाका लागि रु ४ लाख, बगर खेती कार्यक्रमका लागि रु ६ लाख, प्रांगारिक टोल विकास कार्यक्रमका लागि रु ५ लाख ९८ हजार, साझेदारी व्यावसायिक फलफूल खेतीका लागि रु ३ लाख, सिंचाइँ सहित कृषि उत्पादन कार्यक्रमका लागि रु ३ लाख बजेट विनियोजन गरिएको उनले बताए। त्यसैगरी धामपुर कृषि सेवा भवन संरक्षणका लागि रु २ करोड रुपैयाँ बजेट विनियोजन गरिएको पनि उनले जानकारी गराए। बजार पूर्वाधार निर्माण, बाली कटान, मसाला बाली प्रवर्धन कार्यक्रम, महिलाहरुका लागि तरकारी उत्पादन प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रमलाई पनि पालिकाले समेटेको छ। चालू आर्थिक वर्षका लागि विभिन्न २८ वटा शीर्षकमा किसान लक्षित कार्यक्रम गर्न लागिएको गाउँपालिकाका उपाध्यक्ष मनिषा सिंह थारुले बताइन्। 'राप्तीसोनारी गाउँपालिका कृषि क्षेत्रमा ठूलो सम्भावना भएको पालिका हो उनले भनिन, -'स्वभाविक रुपमै किसानलाई लक्षित गरेर प्राथमिकता दिएर बजेट विनियोजन गरिएको हो।' गत वर्ष रु ८८ लाख ४२ हजार बजेट विनियोजन गरिएको थियो। मागमा आधारित व्यावसायिक कृषि विकास तथा प्रविधि र प्राविधिक सहयोग लगायतका कार्यक्रमहरु बनाएर कार्यान्वयन प्रारम्भ गरिन लागिएको उनले बताइन्। पालिका अध्यक्ष पौडेलले भने राप्तीसोनारी गाउँपालिका कृषिमा ठूलो सम्भावना भएको पालिका भएकाले कृषिलाई प्राथमिकता दिएको बताए। उनले कृषि र पशुपालनलाई प्राथमिकता दिएर बजेट विनियोजन गरेको उल्लेख गरे। चैते धान प्रवर्द्धन कार्यक्रम, खाद्यान्न बाली उन्नत वीउ उपयोगी अनुदान र कृषि यान्त्रिकीकरण कार्यक्रमका लागि संघीय सरकारले बजेट पठाएको नायव प्राविधिक सहायक खत्रीले बताए। उनले चैते धान प्रवर्द्धन कार्यक्रमका लागि रु १० लाख, खाद्यान्न बाली उन्नत बीउ उपयोगी कार्यक्रमका लागि रु १० लाख २५ हजार र कृषि यान्त्रिकीकरण कार्यक्रमका लागि रु ७ लाख रुपैयाँ बजेट प्राप्त भएको बताए। कृषि यान्त्रिकीकरण कार्यक्रम भने वडा नं. १ मा तय भएको छ। गत वर्ष सफलतापूर्वक सम्पन्न भएका र प्रभावकारी देखिएका बगर खेती कार्यक्रमलाई यो वर्ष निरन्तरता दिइएको उनले बताए। गत वर्ष वडा नं.५ मा वगर खेती प्रवर्द्धन कार्यक्रम गरिएको थियो। त्यसैगरी गत वर्ष नौ वटै वडामा माटो परीक्षण कार्यक्रम गरिएको प्राविधिक सहायक खत्रीले बताए।

# खानेपानी आयोजना उपभोक्तालाई हस्तान्तरण




नमस्ते समचारदाता
दाङ, मंसिर/०४

लुम्बिनी प्रदेशका सहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा (रोज) ले दाङको घोराही उपमहानगरपालिका-२ रामपुरमा रहेको अजम्बमरी बृहत खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई शनिवार योजना हस्तान्तरण गर्दै नमुना बन्न आग्रह गरेका छन् । मन्त्री थापाले कम पैसामा धारा जडान र थोरै महशुलमा धेरै पानी खुवाउन आग्रह गर्नुभएको छ। 'प्रश्न न उठ्नेगरी नमुना खानेपानीको रुपमा विकास गर्नुहोला' मन्त्री थापाले भने।, 'सुरक्षित खानेपानीका लागि चाहिने अरु संरचना मन्त्रालयले सहयोग गर्ने छ।' उनले उपभोक्ताबाट उठाएको रकम उपभोक्ताकै सुविधामा खर्च गर्न पनि सुझाव समेत दिए। प्रदेश स्तरको सबैभन्दा ठूलो पहिलो योजना हस्तान्तरण गर्न पाएको भन्दै मन्त्री थापाले खुशी व्यक्त गरे। यसैगरी कार्यक्रमका विशिष्ट अतिथि घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीले एक घर एक धाराको कार्यक्रमलाई नगरले प्राथमिकतामा राखेको बताए। 'घोराहीमा ४९ हजार सात सय घर छन' उनले भने, '३० हजार घरले धाराको पानी खाइरहेका छन बाँकीलाई पुऱ्याउने प्रयास भईरहेको छ।' उनका अनुसार ४३ वटा कृत्रिम जलासय निर्माण गरेर पानीको स्रोत बढाईएको छ। कमिला हिडने खोलामा सिँचाई हुने पानी आउन थालेको छ। हरेक वर्ष घोराही नगरमा कृत्रिम ताल बनाईदै छ। पानीका स्रोत बढेर विकट क्षेत्रमा पनि धारा पुऱ्याइएको छ। सो अवसरमा खानेपानी तथा सरसफाइ कार्यालय दाङका प्रमुख तिलक न्यौपानेले रु ७ करोड ४३ लाख ८६ हजार ६ सय २६ रुपैयाँ लगानी भएको आयोजना प्रदेश स्तरकै पहिलो र ठूलो भएको जानकारी गराए। न्यौपानेका अनुसार आव २०७५/०७६ मा शुरु भई ०८१/०८२ सम्पन्न भएको छ। यसले ८ सय २२ घर धुरीलाई एक घर एक धारा दिने लक्ष्य छ। अहिले ६ सय ४३ घर धुरीले धारा प्रयोग गरेको र आगामी वर्ष थप ७ सय ५० धारा जडान गरिने समितिका सचिव भिषम पोखेलले जानकारी दिए । प्रगति प्रतिवेदन पेश गर्दै २४ सैं घण्टा पानी दिएको सचिव पोखेलले बताए। यसैगरी समितिका कोषाध्यक्ष विद्या केसीले नाफा २ लाख ४५ हजार ३४ रुपैयाँ रहेको समितिको आर्थिक प्रतिवेदन पेश गरेकी थिइन्। खानेपानी उपभोक्ता समितिका अध्यक्ष दण्डपानी घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथि लुम्बिनी प्रदेश सभा सदस्य लोका विश्वकर्मा, प्रदेश खानेपानी मन्त्रालयका सचिव बासु पौडेल, जग्गा दाता कमलकिशोर घिमिरे, रामपुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष ज्ञानबहादुर घर्तीलगायतले अ-आफ्नो धारणा राखेका थिए। सो अवसरमा जग्गा दाताहरु स्वर्गद्धारी आश्रम र कमल किशोर घिमिरे, उपभोक्ता समितिका संस्थापक अध्यक्ष देविराम विकलाई दोसल्ला र कदरपत्रले सम्मान गरिएको थियो।

# छत-छतमा घाँस पराल राख्दा आगलागीको जोखिम

नमस्ते समचारदाता
मुगु, मंसिर/०४



मुगु जिल्लाका अधिकांश गाउँ बस्तीमा आगलागीको जोखिम बढ्दै गएको छ। यहाँ हरेक वर्ष आगलागीका घट्नाहरू बढ्दै जाँदा ठुलो धनमालको क्षती गईरहेको अवस्था जिउको तिउँ छ। तर यहाँका स्थानीय बासिन्दाहरूले घरका छतहरूमा घाँस र पराल थुपार्ने परम्पराले आगलागीको सम्भावना झनै उच्च बनाएको छ। जाडोयाम नजिकिँदै गर्दा जताततै बाल बच्चा, बुढापाकाहरूले चिसो बाट बच्न जताततै आगो बाल्ने गर्दछन्। जसका कारण घरको छतमा संकलन गरिएका घाँस परालहरू सल्केर आगजनी हुने सम्भावना उतिकै छ। स्थानीयवासीहरूले गाउँभरी आ-आफ्ना घरका छतहरूमा पराल र घाँस राख्ने गरेका छन्। छतमा पराल र घाँस थुपार्दा आगलागीको जोखिम बढ्ने भएकाले यसले गाउँ बस्तीहरूलाई ठूलो संकट निम्त्याउन सक्ने अनुमान यहाँका स्थानियहरूले गरेका भए पनि जमिनमा राख्दा भिज्ने कुहिने पनि हुने अनि राख्ने ठाउँको पनि अभाव भएकाले घरका छतमा राख्नुपर्ने बाध्यता रहेको बताउँछन्। सुक्खा मौसम र हावाहुरीको समयमा झन् आगलागीको सम्भावना बढ्ने गरेको छ। आगलागीका घटना नियन्त्रण गर्न स्थानीय प्रशासनले पटक पटक सचेतना अभियान सञ्चालन समेत गरिरहेको छ। तर परम्परागत र सहजताको कारणले गर्दा अझै पनि घाँस र पराल छतमा सुकाउने चलनलाई निरन्तरता दिइरहेका छन्। घाँस र परालको सुकावट भण्डारका लागि वैकल्पिक व्यवस्थापनको उपाय खोज्न आवश्यक छ। सम्बन्धित निकायले स्थानीयहरूलाई आधुनिक भण्डारण प्रविधिहरू प्रयोग गर्न जनचेतना फैलाउन आबश्यक देखिन्छ। जसले आगलागीको जोखिमलाई कम गर्न र नागरिकको ज्यु धनको सुरक्षा हुन सक्छ।

# आफ्नै सांसद सँग काँग्रेसले माग्यो लिखित स्पष्टीकरण

नमस्ते समचारदाता
काठमाडौं, मंसिर/०४



नेपाली काँग्रेसको केन्द्रीय अनुशासन समितिले आफ्नै पार्टीका सांसद राजेन्द्र बजगाई बुधबार सम्म लिखित जवाफ दिन स्पष्टिकरण सोधेको छ। गोरखा जिल्लाबाट निर्वाचित सांसल बजगाईलाई संस्कृति, पर्यटन तथा नागरिक उयुयमन्त्री बद्री पाण्डेका बारेमा सामाजिक सञ्जालमा लेखेका र बोलेका विषयमा स्पष्टीकरण बुझाउन निर्देशन दिएको हो। महामन्त्री विश्वप्रकाश शर्मा र अनुशासन समितिका संयोजक आनन्द ढुंगानाले पार्टी केन्द्रीय कार्यालयमा बोलाएर मंगलबार मौखिक स्पष्टीकरण लिएका छन्। बजगाई सँग कुरा गरेका उनीहरुले बुधबार सम्म लिखित स्पष्टिकरण बुझाउन निर्देशन गरेका हुन। मन्त्री पाण्डेले आफ्नो बारेमा भ्रमपूर्ण प्रचार गरेको भन्दै गत साता बजगाईंलाई अनुशासनको कारबाहीको माग गर्दै पार्टीमा उजुरी दिएका थिए। बजगाईले मन्त्री पाण्डेलाई भैरहवामा क्यासिनोको लाइन्सेन्स दिने क्रममा मन्त्रीले घुस खाएको आरोप लगाएका थिए।'उनले बोलेको कुरालाई पार्टीले मौखिक स्पष्टीकरण लियो। लिखित रुपमा स्पष्टीकरण बुझाउनका लागि भोलिसम्मको समय दिइएको छ,' कांग्रेस स्रोतले भन्यो। आफ्नै दलको मन्त्रीका बारेमा प्रश्न उठाउँदा पार्टी केन्द्रीय कार्यालय, अनुशासन समिति लगायतमा नभनेर सार्वजनिक रुपमा बोल्नु अराजकता भएको भन्दै बजगाईंलाई सचेत बनाइएको थियो।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@$^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके